नेपाल सरकार

अर्थ मन्त्रालयको प्रेस विज्ञप्ति

मिति २०७२ बैशाख २०

विषय : राहत उद्दारमा प्रयोग हुने सामग्रीहरुमा कर भन्सार छुट दिई सहज पैठारीको व्यवस्था मिलाइएको ।

२०७२ बैशाख १२ गते आएको विनाशकारी भूकम्पबाट पिडितहरुको खोज राहत तथा उद्दार कार्यमा अत्यावश्यक पर्ने मालसामानमा लाग्ने भंसार महसुल लगायतका दै दस्तुर छुट दिने गरी नेपाल सरकार मन्त्रिपरिषद बाट सोही मितिमा निर्णय भइ कार्यान्वयन भएको छ ।

उपरोक्त व्यवस्था अर्न्तगत राहत खेप (Relief Consignment) एवं राहतकर्मीको साथका सामान छिटो आयात गर्न नेपाल सरकार तथा संयुक्त राष्ट्रसंघ बीच सम्पन्न "राहत खेप एवं राहतकर्मीको साथका सामान छिटो आयात निर्यात एवं पारवहन सम्बन्धी " छायाँ सम्झौता (Model Agreement) अनुसार छुट दिने गरी निर्णय भई कार्यान्वयनमा आएको छ । त्यस्तै द्विपक्षीय सहायता अर्न्तगत विभिन्न मुलुक ,सरकारी निकाय एवं अन्य संगठनबाट उपलब्ध गराइने उद्दार एवं राहत सामग्री सम्बन्धी सहायता स्वीकार गर्ने प्रयोजनका लागि केन्द्रमा गृह मन्त्रालयको सहसचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालयका सहसचिव एवं त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका प्रमुख र नेपाली सेनाका प्रतिनिधि रहेको संयुक्त कार्य संचालन टोली गठन भई त्रिभुवन विमानस्थलमा यसले आफ्नो पोस्ट स्थापना गरी कार्य गरिरहेको छ ।

काठमाण्डौं बाहिर जिल्लाहरुको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी , स्थानीय विकास अधिकारी , भंसार प्रमुख र सुरक्षा निकायका प्रमुखहरु रहेको समिति गठन भएको र सो समितिले गरेको सिफारिशको आधारमा राहत तथा उद्दारका सामग्रीहरुमा लाग्ने सम्पूर्ण कर दस्तुर लगतमा राखी त्यस्ता माल वस्तुहरु राजस्व छुटमा जाँचपास भइरहेका छन् ।

त्यस्तै भूकम्प पिडितहरुलाई घाम पानीबाट जोगाउन ओतका रुपमा प्रयोग हुने त्रिपालको आपूर्ति सहज होस भन्ने उद्देश्य राखी त्यस्ता पाल/त्रिपाल जो सुकैले पैठारी गरेमा पनि २०७२ जेष्ठ २० गते सम्म कुनै पनि कर महसुल नलाग्ने गरी मिति २०७२/०१/१८ मा नेपाल सरकारबाट निर्णय भई थप सहजता गरिएको छ ।

उपरोक्त व्यवस्थाहरुको कार्यान्वयनबाट हाल राहत /उद्दार सामग्रीहरुको पैठारीमा कुनै किसिमका कर /महसुल नलागि सहज पैठारी भइरहेको छ । यस कार्यलाई अग्राधिकार दिई छिटो छरितो रुपमा सम्पन्न गर्न सबै भन्सार कार्यालयहरु लाई कडा निर्देशन गरिए अनुरुप त्यस्ता सामग्रीहरु Fast Track अन्तर्गत जाँचपास भइरहेका छन् ।

कतिपय सन्चार माध्यमहरुवाट यदाकदा राहत सामग्रीमा भन्सार छुट नभएको तथा आयातमा सहजता नभएको भन्ने जस्ता भ्रमपूर्ण समाचार हरु प्रसारण / प्रकाशन भइरहेको देखिएकोले त्यस्तो भ्रममा नपर्नहुन यसै विज्ञप्ति मार्फत सम्बन्धित सबैमा अनुरोध छ ।

राहत सामग्रीको सहज पैठारी तथा सो मा लाग्ने कर /महशुलका एवं प्रकृयाका सम्बन्धमा कुनै कुरा स्पष्ट हुन परेमा अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका प्रमुख लक्ष्मण अर्याल मो नं. ९८५१०६४२२२ , भन्सार विभागका महानिर्देशक श्री शिशिर कुमार ढुंगाना मो नं. ९८५१०९७८३७ र अर्थ मन्त्रालयका उपसचिव डिकरदेव भट्ट मो नं. ९८४१४३९६२० लाई सम्पर्क गर्न सकिने व्यहोरा पनि सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।